०८१ साउन २ गते

प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न आग्रह

अन्तर्राष्ट्रिय न्याय प्रणालीको सुदृढीकरणमा सहयोग पुऱ्याउने उदेश्यले सन् १९९८ को जुलाई १७ मा रोम विधान ग्रहण गरिएको सम्झनामा विश्वभरि जुलाई १७ लाई अन्तर्राष्ट्रिय न्याय दिवसका रूपमा मनाउने गरिन्छ ।

दण्डहीनताको अपसंस्कृतिको अन्त्य गर्न अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताहरूको सरकारलाई स्मरण गराउन तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान सम्मिलन गर्न धच्चच्याउनु अन्तर्राष्ट्रिय न्याय दिवस मनाउनुको मूल उद्देश्य हो ।

दण्डहीनताको अन्त्यका लागि सकारात्मक परिवेश निर्माण गर्न सहयोग पुऱ्याउने भएकाले राज्यले नेपालको मानव अधिकार संरक्षण र संवर्द्धनका लागि रोम विधानको अनुमोदनगर्नु आवश्यक छ ।

पुर्नस्थापित प्रतिनिधि सभाले २०६३ साउन ९ गते नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान) अनुमोदन गर्न निर्देशनात्मक आदेश जारी गर्दै सर्वसम्मत रूपमा संकल्प प्रस्ताव पारित गरेको थियो । साथै मानव अधिकारको विश्व्यापी आवधिक समिक्षाका क्रममा नेपालको विगतका समिक्षामा आएको सुझाब मध्ये रोम विधान पारित गर्न धेरै राष्ट्रले गरेको सुझाब दिएको कुरा हामी नेपाल सरकारलाई स्मरण गराउन चाहान्छन् ।

यसै गरि तत्कालीन परराष्ट्र मन्त्री माननीय उपेन्द्र यादवले २०६५ माघ २० गते रोम विधान तत्काल अनुमोदन गर्नुपर्ने एजेण्डा तत्कालीन सरकारको क्याबिनेटमा प्रस्तुत गर्नु भए पनि नेपाल सरकारले यस बिधानको अनुमोदन गरेको छैन ।

त्यसैले नेपाल सरकारको तर्फबाट अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान अनुमोदन गरी अन्तर्राष्ट्रिय कानुनको सम्मान, प्रकट गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छौं । रोम विधानको पक्ष राष्ट्र बन्दा न्याय तथा जवाफदेहितामा नेपालको प्रतिबद्धता व्यक्त हुने मात्र नभई नेपालको भूमिमा भविष्यमा हुन सक्ने यस्ता अपराधलाई पनि रोक्न मद्धत गर्दछ ।

उल्लेखित कुराहरुको अतिरिक्त अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान निम्न आधारमा अनुमोदन गर्न आवश्यक भएकाले हामी नेपाल सरकारलाई रोम विधान अनुमोदन गर्न आग्रह गर्दछौं ।

१. यसको अनुमादेनले मानव जीवन र मर्यादाको सम्मानका लागी नागरिक र राज्य अधिकारीहरुलाई प्रेरित गर्दछ ।

२. देशमा प्रचलित दण्डहिनताको सस्कृतीको अत्य र भबिश्यमा नरसंहार, मानवता बिरुद्धको तथा युद्ध अपराधका घटनाहरुमा निरुत्साहित हुने वातावरण तयार पार्दछ ।

३. नरसंहार, मानवता बिरुद्धको अपराध तथा युद्ध अपराधमा संलग्न पीडकलाई न्यायको कठघरामा ल्याउनका लागी सहयोग गर्दछ

४. यसबाट सिर्जित हुने थप मानव अधिकार सम्बन्धी प्रतिवद्धता र दायित्वले देशको अन्तर्राष्ट्रिय प्रतिष्ठामा बढोत्तर हुन्छ ।

५. नेपालमा नरसंहार, मानवता बिरुद्धको अपराध तथा युद्ध अपराधका घटनाहरु भई अन्तर्राष्ट्रिय संयन्त्रहरुले त्यसको अनुसन्धान गर्न नसकेमा वा गर्न नचाहेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार आकर्षित हुन्छ ।

६. रोमविधान अनुमोदन गर्दा राज्यलाई कुनै आर्थिक भार पर्दैन । बरु देशको मानव अधिकारको अवस्था सुदृढ हुन्छ र मानव जिवनमा सकारात्मक प्रभाव पार्दछ ।